प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

पानीका स्रोतको संरक्षण गरौं ।

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष–१७ ।। अङ्क : ४९ ॥ २०८१ चैत १२ गते मंगलबार (25th Mar 2025 Tuesday) Pratidin National Daily मूल्य–रु.५/–

## एक्सेल बैंकको उन्नाइसौं वार्षिक साधारण सभा सम्पन्न



बिर्तामोड(प्रस) । एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको उन्नाइसौं वार्षिक साधारण सभा सोमवार सम्पन्न भएको छ ।

संचालक समितिका अध्यक्ष महेन्द्रकुमार गोयलको अध्यक्षतामा वार्षिक साधारण सभा सम्पन्न भएको हो । उक्त साधारण सभाले बैंकको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तथा वित्तीय विवरणहरु पारित गर्ने, लेखापरीक्षकको नियुक्ति, बैंकको नियमावली संशोधनलगायतका प्रस्तावहरु पारित गरेको छ ।प्रादेशिक बैंकको रुपमा

❖ बाँकी अन्तिम पृष्ठमा

## कुलमानलाई प्राधिकरणबाट हटाउने मन्त्रिपरिषद्को निर्णय



झापा(प्रस) । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाइएको छ । एक मन्त्रीका अनुसार प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई पदबाट हटाइएको बताए । सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई हटाउने निर्णय गरेको एक मन्त्रीले बताए ।

सरकारले घिसिङलाई यसअघि पटकपटक स्पष्टीकरण सोध्दै आएको थियो । ऊर्जामन्त्री दीपक खड्काले घिसिङले सरकारलाई नटेरेको भन्दै बयान दिँदै आएका थिए । कुलमानले भने आफूलाई यसअघि सोधिएको स्पष्टीकरण के कति कारण चित्तबुझ्दो भएन ? भन्दै उल्टै सरकारलाई प्रश्न गरेका थिए । स्पष्टीकरणमा आधार र कारण नखुलेकाले थप पुस्ट्याइँ पेस गर्ने अवस्था नरहेको उनको भनाइ थियो

गत पुस २८ मा घिसिङले बुझाएको स्पष्टीकरण चित्त नबुझेको भन्दै मन्त्री खड्काले फागुन १३ गते मन्त्रीस्तरीय निर्णयबाट नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको पदबाट किन नहटाउने भन्दै दुईबुँदे स्पष्टीकरण सोधेका थिए ।

यसैबीच सरकारले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्ले उक्त पदमा रहेका कुलमान घिसिङलाई हटाउँदै शाक्यलाई नियुक्त गरेको हो ।

कार्यकारी निर्देशक कुलमानलाई सरकारले पटक-पटक स्पष्टीकरण सोध्दै आएको थियो । ऊर्जामन्त्री दीपक खड्काले कुलमानले सरकारलाई नटेरेको भन्दै बयान दिँदै आएका थिए ।

❖ बाँकी तेस्रो पृष्ठमा

## पूर्व नगर प्रमुख शिवाकोटीलाई अदालतमा पेश



झापा(प्रस) । कारागार चलानको अदालती आदेशपछि पनि करिब तीन महिनादेखि बीएण्डसी अस्पतालमै रहेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीलाई सोमवार अदालतमा पेश गरिएको छ । बकपत्रका लागि उनलाई बीएण्डसी अस्पतालबाट झापा जिल्ला अदालत लगिएको हो । सक्कल मिशिल नभएका कारण सोमवार बकपत्र हुन सकेन । सक्कली मिशिल उच्च अदालत इलाममा लगिएकाले बकपत्र हुन नसकेको हो । सक्कली मिशिल झिकाएर मंगलवारदेखि बकपत्र शुरु गरिने अदालतका श्रेस्तेदार किरणकुमार सिंहले जानकारी दिए । झापा जिल्ला अदालतले थुनामा राख्न दिएको आदेशविरुद्ध शिवाकोटीले उच्च अदालत इलाममा पुनरावेदन दिएका थिए । उच्च अदालतले चैत ७ गते सक्कली मिशिल पेश गर्न आदेश दिएपछि चैत ८ गते लगेर बुझाइएको थियो

गत पुष २२ गते झापा जिल्ला अदालतले शिवाकोटीलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको थियो । आदेशमा अस्वस्थ्य रहेका शिवाकोटीको उपचारको व्यवस्था मिलाउनसमेत भनिएको थियो । त्यही आदेशबमोजिम झापा कारागारले उनलाई बीएण्डसी अस्पतालमा रहेर उपचार गर्न दिएको हो ।

उनको स्वास्थ्यमा धेरै सुधार आएकाले केही दिनअघि झापा कारागारका प्रमुख रेवन्त भट्टराईले कारागार पठाउने बताएका थिए । तर अझैसम्म उनलाई बीएण्डसी अस्पतालमै राखिएको छ । घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख शिवाकोटी गत मंसिर २४ गते पक्राउ परेका थिए ।

## एक्सेल बैंकद्वारा शैक्षिक सामग्री वितरण




झापा, चैत ११ । एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडले मेचीनगर-२ गाडागल्लीस्थित कृष्ण आधारभूत विद्यालयका १५९ जना विद्यार्थीहरुलाई शैक्षिक वृत्तिविकासको लागि शैक्षिक सामग्रीहरु वितरण गरेको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत डा. इन्द्रकुमार कट्टेलले विद्यालयका प्रधानाध्यापक राजनकुमार गिरी र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई मञ्जील देवानलाई एक कार्यक्रमका बीच उक्त सामग्री

❖ बाँकी अन्तिम पृष्ठमा

## नक्कली नेपाली नम्बर प्लेट भएको भारतीय स्कोरपिओसहित दुई पक्राउ



झापा(प्रस) । सशस्त्र प्रहरीले नक्कली नेपाली नम्बर प्लेट भएको भारतीय स्कोरपिओसहित दुईजनालाई नियन्त्रणमा लिएको छ । सोमवार साँझ ६ बजे मेचीनगर नगरपालिका ६ काँकारभिट्टास्थित बसपार्क इलाकामा सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हेक्वा झापा मातहत (प्रस्तावित) सीमा सुरक्षा गुल्म काँकरभिट्टाबाट खटिएको मोवाईल टोलीले बा ८ च १३३८ नम्बरको नेपाली नम्बर प्लेटजडित भारतीय स्कोरपिओ नियन्त्रणमा लिएको हो । उक्त स्कोरपिओ गाडीसहित चालक मोरङ पथरी शनिश्चरे ८ बस्ने वर्ष ४१ का ईश्वरी भण्डारी र उक्त गाडीमा सवार भारत नक्सालवारी पञ्चायत बस्ने वर्ष ३५ का निताई घोसलाई नियन्त्रणमा लिइएको हो । उनीहरुलाई आवश्यक कारबाहीको लागि मेची भन्सार कार्यालयमा बुझाउने प्रकृयामा रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

## नाबालिका बलात्कारपछि तीन लाखमा मिलाउन खोज्ने चार पक्राउ













झापा(प्रस) । इलाममा १३ वर्षीया नाबालिकालाई बलात्कार गरिसकेपछि ३ लाख रुपैयाँ दिएर मिलाउन खोज्ने चारजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा बलात्कारमा संलग्न इलाम माई नगरपालिका २ बस्ने २४ वर्षीय केशब गिरी, उनका बुवा ५८ वर्षीय केदारनाथ गिरी , काका ४३ वर्षीय यादव भनिने नारायण गिरी र छिमेकी ३८ वर्षीय पाँचथरे भनिने तुलाधर अर्याल रहेका छन् । लुकिछिपी बसिरहेको अवस्थामा उनीहरुलाई आइतवार इलाम प्रहरीले पक्राउ गरेको हो । पीडिकका बुवा केदारनाथ गिरी र छिमेकी तुलाधर अर्याललाई घरैबाट तथा पीडक केशव गिरी र उनका काका नारायण गिरीलाई इलाम र झापाको सिमानामा लुकिछिपी बसेको अवस्थामा फेला पारी नियन्त्रणमा लिइएको प्रहरी स्रोतले जनाएको छ ।

आरोपितहरुलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय इलामबाट प्रहरी निरीक्षक संजिव बोगटीको कमाण्डमा प्रहरी टोली खटिएको थियो ।

उनीहरुलाई जिल्ला अदालत इलामबाट ७ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालय इलाममा राखेर अनुसन्धान भइरहेको छ ।

गत चैत ६ गते साँझ ६:३० बजे इलाम माई- २ सितलीस्थित चिया बगानमा माई नगरपालिका २ बस्ने २४ वर्षीय केशव गिरीले वडा नं ४ बस्ने १३ वर्षीया नाबालिकालाई ललाई फकाई डर त्रासमा पारी जबरजस्ती करणी गरेका थिए । त्यस घटनाको जानकारी प्राप्त हुनसाथ प्रहरी चौकी दानाबारीबाट प्रहरी टोली खटिएर खोजतलास गर्दा पीडिक फरार भएका थिए ।

त्यसबीचमा छिमेकी अर्यालले आफ्नो घरमा पीडित पक्षलाई बोलाई ३ लाख रुपैयाँ दिएका थिए । अनुसन्धानको क्रममा उक्त रकम पीडितका आमाको साथबाट बरामद गरिएको छ ।

आफूलाई प्रभाव र दबाबमा पारी घटना मिलाउन खोजेको भन्दै पीडितकी आमाले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन् ।

## सुनजस्तो ४९ थान धातुसहित पाँच पक्राउ

झापा(प्रस) । काँकडभिट्टा नाका हुँदै भारतबाट सुनजस्तो धातु ल्याउँदै गर्दा पाँचजना पक्राउ परेका छन् । सोमवार दिउँसो १२:३० बजे मेचीनगर ६ पुरानो मेची पुलमा




पानीट्याङ्कीबाट नेपालतर्फ भाडाको सिटी सफारीमा चढेर आउँदै गर्दा शंका लागेर प्रहरीले शरीर तलासी लिएको थियो । ताप्लेजुङ मैवाखोला गाउँपालिका वडा नं. ६ स्थाइ वतन भई हाल झापा बुद्धशान्ति गाउँपालिका वडा नं. २ बस्ने बर्ष ४० का राम लिम्बू र रामेछाप दुरम्बा गाउँपालिका वडा नं. ७ स्थाई वतन भई हाल काठमाण्डौ डल्लु बस्ने बर्ष २६ का प्रशान्त मोक्तानको शरीर तलासी लिँदा ४९ थान सुनजस्तो धातु फेला परेको हो । लिम्बूले लगाएको ज्याकेटको गोजीभित्र पत्रिकाले बाइन्डीङ गरेको जम्मा ३ पोका रहेकोमा खोली हेर्दा निलो रंगको कार्ड जस्तो देखिने PAMP लेखिएको कार्डको वीच भागमा (CREDIT SUISSE २० न FINE GOLD ९९९.९ )लेखिएको सुनजस्तो देखिने २९ थान वस्तु फेला परेको थियो भने मोक्तानले लगाएको कालो रंको जिन्स पाइन्टको अगाडी र पछाडीको गोजीमा पत्रिकाले बाइन्डीङ गरेको जम्मा २ पोका रहेकोमा खोली हेर्दा निलो रंगको कार्डजस्तो देखिने PAMP लेखिएको कार्डको वीच भागमा (CREDIT SUISSE २० g FINE GOLD ९९९.९) लेखिएको सुनजस्तो देखिने २० थान वस्तु फेला परेको थियो ।

यसैबीच अनुसन्धानका क्रममा थप तीनजना पक्राउ परेका छन् । बारा जितपुर नगरपालिका वडा नं. १८ स्थाइ वतन भई काठमाण्डौ बुढानिलकण्ठ बस्ने बर्ष ५७ का राधेश्याम माझी , रुकुम बाफिकोट गाउँपालिका वडा नं. ७ बस्ने स्थाई वतन भई दाङ तुलसीपुर-१३ बस्ने बर्ष ४० का कमल कुसारीको र भारत पश्चिम बंगाल दार्जिलिङ बस्ने बर्ष ६३ का बलबहादुर क्षेत्री पक्राउ परेका हुन् । उनीहरुलाई मेचीनगर नगरपालिका ६ स्थित होटल एभरेष्टबाट पक्राउ गरिएको हो ।

पाँचै जनालाई पक्राउ गरी आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# हावाको प्रदूषणबाट आँखालाई जोगाउने १० उपाय

प्रदूषण एक गम्भीर समस्या हो, जसलाई हामी नजरअन्दाज गर्न सक्दैनौँ। पछिल्ला वर्षहरूमा प्रदूषण उल्लेखनीय रूपमा बढिरहेको छ। हावाको प्रदूषणले मौसममा पनि असर गरेको छ भने हामी मुश्किलले ताजा हावा लिइरहेका छौँ। हावाको प्रदूषणले वातावरणलाई असर मात्र गर्दैन, यसले हाम्रो स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पार्छ, विशेष गरी आँखामा यसको असर चाँडो देखिन्छ।

हावाको प्रदूषणले आँखालाई सुक्खापन, जलन, र लामो समयसम्म असर गर्ने समस्याहरू जस्तै मोतिबिन्दु वा ग्लाकोमा हुनसक्छ।
**प्रदूषित वातावरणमा आँखाको सुरक्षा गर्न यी १० उपाय अपनाउन सकिन्छ:**

**चस्मा लगाउनुहोस्** - बाहिर जाँदा युभी सुरक्षायुक्त चस्मा लगाएर हिड्नुहोस्।

**आँखा नरगड्नुहोस्** - यदि आँखामा जलन वा चिलाइरहेको महशुस भए पनि त्यसलाई घोट्ने प्रयास नगर्नुहोस्। यसले संक्रमण फैलाउन सक्छ। यदि असहजता लगातार रहन्छ भने नेत्र विशेषज्ञसँग परामर्श लिनुहोस्।

**आँखाको सरसफाइ कायम राख्नुहोस्** - आँखालाई सफा राख्न सफा कपडा, वाइप्स वा सफा पानीले नियमित रूपमा धुनुहोस्।



**आइ ड्रप प्रयोग गर्नुहोस्** - ओभर-द-काउन्टर लुब्रिकेटिङ आइ ड्रप प्रयोग गरेर आँखालाई ओसिलो राख्न सकिन्छ, जसले प्रदूषणका कारण हुने सुख्खापन कम गर्छ।

**घरभित्रको हावाको गुणस्तर सुधार गर्नुहोस्** - घरमा एयर प्युरिफायर प्रयोग गर्नुहोस् र एलोभेरा जस्ता भित्री बोटबिरुवा राखेर हावाको गुणस्तर सुधार गर्नुहोस्।

**प्रदूषण उच्च हुँदा बाहिर ननिस्कनुहोस्** - हावामा धुलो र हानिकारक कणहरू अत्यधिक भएका बेला बाहिरको गतिविधि सीमित गर्नुहोस्।

**ह्युमिडिफायर प्रयोग गर्नुहोस्** - कोठाको हावा सुक्खा भएमा ह्युमिडिफायर प्रयोग गरेर उचित ओसिलोपना कायम राख्नुहोस्।

**पर्याप्त पानी पिउनुहोस्** - प्रशस्त पानी पिउँदा शरीर हाइड्रेट रहन्छ, जसले आँखा स्वस्थ राख्न मद्दत गर्छ।

**सन्तुलित आहार अपनाउनुहोस्** - भिटामिन ए, सी, र इ युक्त खाना खानुहोस्, जसले आँखाको स्वास्थ्यलाई सुदृढ बनाउँछ र प्रदूषणका असरहरू कम गर्छ।

**आँखा विशेषज्ञसँग परामर्श लिनुहोस्** - यदि तपाईंलाई आँखामा निरन्तर असहजता वा दृष्टि सम्बन्धी समस्या देखिएमा तुरुन्तै नेत्र विशेषज्ञसँग सल्लाह लिनुहोस्।


# करारमा कर्मचारी पदपूर्ति गर्नेबारेको आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।१२।१२ गते प्रतिदिन पत्रिकामा प्रकाशित)

बिगत १२ वर्षदेखि आफ्ना सदस्यहरुको लागि वित्तीय सेवामा समर्पित यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. विर्तामोड ५ झापाको मुख्य कार्यालयका लागि तपशिल बमोजिम कर्मचारी आवश्यक भएको हुनाले ईच्छुक योग्यता पुगेका व्यक्तिहरुले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

| विज्ञापन नं. ३-२०८१८२ | पदपूर्ति हुने विभाग : ऋण शाखा |
|---|---|
| तलब :अनुभव का आधारमा ३०,०००/- सम्म ।<br>न्यूनतम शैक्षिक योग्यता : स्नातक उत्तीर्ण वा<br>२ बर्ष सम्मको अनुभव भएमा प्रविणता तह उत्तीर्ण | सङ्ख्या :केही<br>दरखास्त दस्तुर : रु. ३०० |

अनुभवी र मोटरसाइकल वा स्कुटीको लाईसेन्स भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।
दरखास्त दिने अन्तिम मिति : २०८१।१२।२० गते बुधबार कार्यालय समयसम्म
परीक्षाको किसिम : लिखित, प्रयोगात्मक, अन्तर्वार्ता (पाठ्यक्रम संस्थाको वेबवसाईटमा राखिएको छ ।)
परीक्षा हुने मितिः २०८१।१२।२३ गते शनिबार स्थान : आबद्ध साकोसको मुख्य कार्यालय
दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु : नागरिकताको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि

पदपुर्ति समिति

## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

०२३-५३५३९५, ०२३-४६५०८२
Web site: www.aabaddhacoop.np


# विश्वविद्यालयमा तालाबन्दीको समस्या पेचिलो बन्दैछ : मन्त्री भट्टराई



झापा । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई मानक विश्वविद्यालयको रूपमा स्थापित गर्ने गरी कानुन बनाउन सुझाव दिएकी छन् ।

सोमबार प्रतिनिधि सभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा विधेयमाथिको दफावार छलफलमा सहभागी भएकी मन्त्री भट्टराईले विधेयकलाई विश्वविद्यालयहरूमा देखिएको क्यालेन्डर, जनशक्ति व्यवस्थापन र विश्वविद्यालयको जिम्मेवारीका विषयमा स्पष्ट व्यवस्था गर्नुपर्ने बताइन् ।

उनले पछिल्लो समय विश्वविद्यालयमा हुने झैझगडा र तालाबन्दीको समस्या पेचिलो बन्दै गएको समेत बताइन् ।

उनले भनिन्, 'हामीले यो विश्वविद्यालयलाई अहिलेसम्मका विश्वविद्यालय र अब बन्ने विश्वविद्यालयमा समेत एउटा मानक स्थापित गर्नसकौँ । अहिले विश्वविद्यालयभित्र तीनवटा समस्याहरू रहेका छन् । एउटा क्यालेन्डरको कुरा, अर्को त्यहाँभित्रको जनशक्ति व्यवस्थापनको कुरा र लिडरसिप कसले लिने र विश्वविद्यालयको जिम्मेवार को हुने भन्ने कुरा । अहिले सबैभन्दा पेचिलो विषय भनेको विश्वविद्यालयमा हुने तालाबन्दी, त्यहाँ हुने झैझगडा तथा संस्कारजन्य कुरमामा हामी कसरी जाने भन्ने विषयमा हामी जानैपर्छ । यो विषयलाई समेत विधेयकमा समेटेर जानको लागि म यहाँ अनुरोध गर्न चाहन्छु ।'

मन्त्री भट्टराईले विश्वविद्यालयका पदाधिकारीहरूको अधिकारसम्बन्धी समेत स्पष्ट व्यवस्था गर्नुपर्ने जिकिर गरिन् ।


## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### ७ दिने सूचना

सधियार पूर्व : श्री प्रतिमा राई पश्चिमः श्री उमा राई उत्तरः श्री कृष्ण बस्नेत दक्षिण : बाटोको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ५ बस्ने श्री फुर्दिकि शेर्पा ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-५ | - | ३१५२९ | ०-०-९.५ | - | २०८१/१२/१२ | २०८१/०९/२९ |

## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### ७ दिने सूचना

सधियार पूर्व : श्री छत्रे भुषर्ण दाहाल पश्चिमः श्री नर्वदा पाण्डे उत्तरः श्री आशी देवी खतिवडा दक्षिण : बाटोको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ६ बस्ने श्री सुचमा श्रेष्ठ ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | - | २९२५, ३२८९ | ०-०-७ | - | २०८१/१२/१२ | २०८१/१२/०७ |


# श्रीमतीले घरमा र सालोले मोटरसाइकलमा आगो लगाइदिए



झापा(प्रस) । सुनसरीको दुई अलग अलग घटनामा श्रीमतीले घरमा आगो लगाइदिएकी छन् भने सालोले मोटरसाइकलमा आगो लगाई क्षतिग्रस्त पारेका छन् ।

सोमवार बिहान ३.१० बजे इटहरी ४ हलगडा बस्ने सन्तोष धामीको एक तले टिनको छाना र बाँसको टाटीबेरा भएको घरमा उनकै श्रीमती अन्दाजी ४० वर्षकी पवनी धामीले आफै आगो लगाइदिएकी हुन् । आगलागीबाट घरमा भएको अन्नपात, काठपात, भाडाबर्तन पूर्णरुपमा जल्दा डेढ लाख बराबर क्षति भएको छ । आगजनी गर्ने पवनी धामी फरार रहेकी छन् । आगो लगाउने बेला श्रीमान घरमा थिएनन् । आगो लगाउने पवनी मानसिक रोगी रहेको बुझिएको छ ।

त्यस्तै आइतवार राति ९.३७ बजे सुनसरी रामधुनी नगरपालिका ७ राश्वतालमा पार्किङ गरिराखिएको धनकुटा सहिदभूमि गाउँपालिका २ बस्ने २७ वर्षीय संयोग राईको को.२३ प.६९७५ नम्बरको पल्सर मोटरसाइकल उनको सालो रामधुनी नगरपालिका ७ बस्ने २७ वर्षीय जंगे भन्ने युनिक राईले आगो लगाइदिएका छन् । युनिकले कुदाउन नदिएको निहुँमा आगो लगाइदिएको बताइएको छ । आगजनीबाट मोटरसाइकल पूर्णरुपमा जलेर क्षतिग्रस्त भएको छ । मोटरसाइकलमा आगो लगाउने युनिकलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय पकलीमा राखिएको छ ।

## एक्सेल...

झापा जिल्लाको विर्तामोडमा केन्द्रीय कार्यालय रहेको यस बैंकको कार्यक्षेत्र कोशी प्रदेश रहेकोमा हाल झापा, इलाम, मोरङ, पाँचथर, सुनसरी,उदयपुर, संखुवासभा, धनकुटाका विभिन्न ४७ स्थानमा अवस्थित आफ्ना शाखा कार्यालयहरु र ३ वटा एटीएममार्फत ग्राहकहरुसमक्ष बैंकिङ सेवा प्रदान गरिरहेको छ भने आगामी दिनमा कोशी प्रदेशका अन्य जिल्लाहरुमा समेत शाखा विस्तार गर्दै लैजाने नीति बैंकले लिएको छ । यस वैंकको हालसम्म लगानीमा रहिरहेको कर्जा लगभग रु १२अर्व १५ करोड रहेको छ भने निक्षेप संकलन लगभग रु १४अर्व ७५ करोड गरेको छ ।

सञ्चालक समितिका अध्यक्ष गोयल र नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष हेमराज ढकालले संयुक्तरुपमा उदघाट्न गरेको उक्त सभामा स्वागत मन्तव्य सञ्चालक डा. रुपकप्रसाद खनालले गरेका थिए । साथै सभामा सहभागी महानुभावहरुलाई सहभागिताका लागि धन्यवाद मन्तव्य अध्यक्ष गोयलले गरेका थिए । कार्यक्रमको संचालन कम्पनी सचिव श्यामबहादुर बोहोराले गरेका थिए ।

उक्त सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत डा. इन्द्रकुमार कट्टेलले बैंकको वर्तमान गतिविधिहरुको बारेमा प्रकाश पारेका थिए भने संस्थापक शेयरधनी सुरेशकुमार अग्रवालले तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष ढकालले बैंकको उन्नति तथा प्रगतिका लागि शुभकामनासहितको मन्तव्य राखेका थिए ।

## एक्सेल बैंकद्वारा...

हस्तान्तरण गरेका थिए ।
सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत लेखराज कार्की तथा मार्केटिङ अफिसर गजेन्द्र ढकाल साथै काँकरभिट्टा शाखाका शाखा प्रबन्धक उमेशकुमार घिमिरेलगायत बैंकका कर्मचारी तथा विद्यालय समितिका अन्य उच्च पदाधिकारी र शिक्षकहरुको उपस्थिति रहेको थियो । एक्सेल डेभलपमेन्ट बैंकले कोशी प्रदेशभरि आफ्ना ४७ वटा शाखा र ३ वटा एटिएमबाट २ लाख ४० हजार ग्राहकलाई आधुनिक बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ । हाल ८जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको एक्सेल डेभलपमेन्ट बैंकले थप शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको प्रदेशभरि सेवा प्रदान गर्ने जनाएको छ ।


## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.विर्तामोड-५, झापाको धितो लिलाम विक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।१२।१२ गते)

स आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित ऋणीहरुले तपशिलको ऋण शिर्षकको ऋण उपभोग गर्नु भएकोमा ऋणीहरुले यस संस्थासँग गरेको सम्झौता वमोजिम तिर्नु पर्ने साँवा, व्याज र अन्य दस्तुर संस्थामा नतिरे नबुझाई ऋण लिँदाका बखतको कबुलियत उल्लंघन गर्नुभएको हुँदा उल्लेखित रकम तिर्न ऋणीहरुलाई पटकपटक मौखिक, लिखित तरताकेता गर्दा समेत भुक्तानी गर्नुपर्ने रकम भुक्तानी नगरि आलटाल गरी सम्झौता उल्लंघन गर्नु भएको र कर्जा तिर्न बुझाउन आउनु भनी तपशिल बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा समेत तपाई ऋणीहरुले संस्थालाई तिर्नु पर्ने ऋण चुक्ता नगरेको हुँदा सहकारी ऐन २०७४ एवं नियमावली २०७५, र प्रचलित कानून अनुसार ऋणीले ऋण लिँदाका बखत संस्थालाई लेखाईदिएको तपशिल बमोजिमको धितोमा रहेको अचल सम्पत्ति लिलाम विक्री गरी यस सहकारी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा यो ३५ दिने सूचना ऋणी तथा सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ । उक्त ऋणमा लेखाई दिएको तपशिलको धितो सुरक्षण बापतको जायजेथा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा लिलाम विक्रि गरि संस्थाले आफ्नो ऋण असुल उपर गर्नुपर्ने भएको हुँदा तपशिल अनुसारको सर्त बन्देज स्विकार गर्न ईच्छुक संघसंस्था तथा व्यक्तिहरुलाई न्यूनतम रेटमा डाक बढाबढ गरी यो सूचना प्रकाशन भएको ३५ दिनभित्र कार्यालय समय ४ बजेसम्ममा आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ । उक्त धितोले यस संस्थाको लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई कालो सूचीमा राखी निजहरुको अन्य जायजेथा वा एकाघर परिवारको नाममा रहेको जायजेथाबाट समेत असुल उपर गरिनेछ ।

तपशिल

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण | ऋण विवरण (२०८१।१२।१२ सम्मको ) | कैफियत |
|---|---|---|---|---|
| १. | नाम : सुमित्रा खरेल श्रेष्ठ<br>ठेगाना : अर्जुनधारा ४<br>ना. प्र. नं. :०४१००२/१५१३<br>बाबुको नाम :भिम बहादुर खरेल<br>पतिको नाम :उदय श्रेष्ठ | जग्गा धनीको नाम :सुमित्रा खरेल श्रेष्ठ<br>जग्गा धनीको बुबाको नाम : भिम बहादुर खरेल<br>पतिको नाम :उदय श्रेष्ठ<br>जग्गा रहेको ठेगाना : पाराखोपी ५<br>कित्ता नं. : ३८९३<br>क्षेत्रफल : १६९.३० ब.मि. | लिएको मिति : २०७६/११/२१<br>जमानत दिनेको<br>नाम : रमा खरेल<br>ऋण बापत बुझाउनुपर्ने जम्मा रकम जम्मा ऋण : ५,८५,९३२।- | प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मिति : २०८०-०४-०७<br>दोस्रो पटक प्रकाशित मिति : २०८०-१२-२५<br>तेस्रो पटक प्रकाशित मिति : २०८१-०६-०५ |
| २. | नाम : इश्वरी खतिवडा<br>ठेगाना : बिर्तामोड -५<br>ना. प्र. नं. :७२५९९।२४४<br>बाबुको नाम : भिम प्रसाद खतिवडा<br>बाजेको नाम :घनश्याम खतिवडा<br>पति वा पत्नीको नाम : हेमकला बराल | जग्गा धनीको नाम : इश्वरी खतिवडा<br>जग्गा धनीको बुबाको नाम : भिम प्रसाद खतिवडा<br>बाजेको नाम : घनश्याम खतिवडा<br>जग्गा रहेको ठेगाना : अनारमनी -१<br>कित्ता नं. : २१५<br>क्षेत्रफल : २५३.९५ व.मि. | लिएको मिति : २०७८/०४/२४<br>जमानत दिनेको<br>नाम : हेमकला बराल<br>ऋण बापत बुझाउनुपर्ने जम्मा रकम जम्मा ऋणः १८,२७,०४४।- | प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मिति : २०८१-०७-०८ |
| ३. | नाम : उज्वल बस्नेत<br>ठेगाना : भद्रपुर न.पा.-१०, झापा<br>ना.प्र.नं. :०४-०१-७३-०४६०१<br>बाबुको नाम : देवेन्द्र बस्नेत<br>बाजेको नाम :सिताराम बस्नेत | जग्गाधनीको नाम : देवेन्द्र बस्नेत<br>जग्गाधनीको बुबाको नाम : सिताराम बस्नेत<br>बाजेको नाम : नर वहादुर बस्नेत<br>जग्गा रहेको ठेगाना : भद्रपुर न.पा.- १०, झापा<br>कित्ता नं. : २३२ र २३४ क्षेत्रफल : १३०.१५ र १२३.८० ब.मि. | लिएको मिति : २०७५/१२/२८<br>जमानत दिनेको<br>नाम : देवेन्द्र बस्नेत<br>ऋण बापत बुझाउनुपर्ने जम्मा रकम धितो ऋणः १८,७१,४६६।- | प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मिति : २०८०-०४-०७<br>दोस्रो पटक पत्रिकामा सूचना प्रकाशित मिति : २०८१-०७-०८ |

लिलाम बोलपत्र सम्बन्धी शर्तहरुहरु संस्थाको ऋण नीतिमा उल्लेख गरिएको धितो लिलामी सम्बन्धी व्यवस्था अनुसार हुनेछ ।

### आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

विर्तामोड ५, झापा, फोनं. ०२३-५३५३९५, ०२३-५३६७०५


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# अब उपभोक्तालाई न्याय

नेपालको संविधानको धारा ४४ को उपधारा १ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक हुनेछ भनेको छ। उपधारा २ मा गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ। संवैधानिक व्यवस्था कार्यान्वयनका लागि कानुन पनि २०७५ सालमै बनेको हो। त्यो हो, उपभोक्ता संरक्षण ऐन। उक्त ऐनले पनि ठगिएका उपभोक्ताहरूलाई न्याय दिलाउने र त्यसका लागि उपभोक्ता अदालतको गठनको परिकल्पना गरेको थियो। संविधान बनेको १० र कानुन बनेको ६ वर्षमै सही नेपालमा उपभोक्ता अदालत गठन भएको छ। त्यसले आइतबारदेखि कार्यारम्भ पनि गऱ्यो। पहिलो दिनै तीनवटा मुद्दा यो अदालतले पाएको छ, जसको सन्देश भनेको उपभोक्ता ठगिएका छन् र न्याय खोजिरहेका थिए भन्ने हो। संवैधानिक र कानुनी व्यवस्था उपभोक्ता हितका खातिर पहिलो कदम थिए भने अदालतको स्थापना दोस्रो कदम हो। अब अदालतबाट न्याय भयो भने मात्रै संविधानले भने झैं उपभोक्तालाई आफ्नो हक सुनिश्चित रहेको यकिन हुन्छ। उपभोक्ता अदालतले उपभोक्तालाई छिटो, छरितो न्याय दिन सक्यो भने त्यसको अर्थ रहन्छ। यस प्रकारको विशिष्ट अदालत पनि हाम्रो लोकतन्त्रको अर्को एउटा सुन्दर पक्ष भएको छ। नुनदेखि सुनसम्ममा नेपाली ठगिन्छन् भनिन्छ। आम उपभोक्ताको गुनासो पनि त्यस्तै छ। कानुनी राजको प्रत्याभूतिका खातिर पनि उपभोक्ता हित संरक्षण अत्यावश्यक थियो। तसर्थ, नागरिकलाई न्याय दिलाउने र कानुनी राजलाई बलियो बनाउने सन्दर्भमा पनि उपभोक्ता अदालतको गठन एक मानक हो।

मूल्य तिरेको वस्तु वा सेवाको गुणस्तर पाउने हरेक उपभोक्ताको मौलिक हक हो। तर नेपालमा भने खानेकुरादेखि औषधोपचारसम्ममा हुने गरेका ठगीको सुनुवाइ र न्याय दिने निकायको अभाव थियो। त्यो अभाव उपभोक्ता अदालतको गठनले पूरा गरेको छ। राज्यको यो संरचनाले नागरिकलाई थप बलियो बनाउने विश्वास गर्न सकिन्छ। सानोतिनो वस्तु वा सेवा नै किन नहोस्, त्यसमा ठगिँदा मुद्दा मामिलामा जाँदा खर्चिलो भने हुनु हुँदैन, त्यसो हुँदा फेरि उपभोक्ता खुम्चिएर बस्ने परिस्थिति बन्छ। कानुन व्यवसायीले उपभोक्ताका मुद्दामा निःशुल्क कानुनी सेवा दिन गरेको प्रतिबद्धताले उपभोक्तालाई अर्को खुसी दिएको छ। तर उपभोक्ता अदालतबाट न्याय पाउन काठमाडौं केन्द्रितै हुनुपर्ने बिडम्वना सधैं सहनु भने हुँदैन। यो सुरुआत आफैंमा उत्तम प्रक्रिया हो, यसको विस्तार पनि आवश्यक छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# उदार अर्थतन्त्रका आयाम



• जुनारबाबु बस्नेत

सरकार कसका निम्ति ? यो संसारभर विमर्श भइरहेकै प्रश्न हो । राजनीतिक प्रणालीको विकासक्रमले यो प्रश्नको जवाफ दिँदै आएको हुन्छ । कुनै पनि सरकार त्यस मुलुकका सम्पूर्ण नागरिकको प्रतिनिधित्व हो, हुनु पर्छ । व्यवहारमा सबै सरकार नागरिकको आर्थिक, सामाजिक र राजनीतिक हकहितका निम्ति प्रतिबद्ध हुन सकिरहेका हुँदैन । कतिपय सरकारले चाहेर पनि जनताका चाहना सम्बोधन गर्न सकेका हुँदैनन् भने कतिपय सरकार त्यसतर्फ संवदेनशील हुन नसक्दा असन्तोष भोग्नुपर्ने हुन्छ । सामान्यतया उदार लोकतन्त्रमा सरकार जनताप्रति उत्तरदायी हुनैपर्ने प्रणाली अन्तरनिहित हुन्छ । जनताप्रति उत्तरदायी हुन लोकतान्त्रिक प्रणालीले अवलम्बन गर्ने आर्थिक नीति विधि उदार अर्थतन्त्रका आयामसित आबद्ध भए त्यसले समृद्धिको मार्ग प्रशस्त गरेको पाइन्छ । लोकतान्त्रिक पद्धति नभएका कतिपय मुलुकका अर्थ आयाम लाइसेन्स पद्धतिमा आधारित र नियन्त्रित देखिन्छन् । सत्ताको कठोर नियन्त्रणमा सीमित वर्ग र आसेपासेलाई उद्यमधन्दा तथा व्यवसायमा आबद्ध गराइन्छ । अनेक आवरणको त्यस्तो अर्थतन्त्र आमनागरिकको हितमा संवेदनशील हुँदैन । नेपालमै पनि १०४ वर्षको राणाशाही अनि ३० वर्षको पञ्चायती व्यवस्था लाइसेन्सराजमा आधारित अर्थप्रणाली थियो । नेपाली अर्थव्यवस्थालाई लामो समय बन्धक बनायो ।

छयालीस सालको राजनीतिक परिवर्तनपछि नेपालले औपचारिक तवरमै खुला, उदार र बजारमुखी अर्थतन्त्र अवलम्बन गरेको विगतसम्म पुग्नैपर्ने हुन्छ । कतिपय सङ्कीर्णलाई उदार अर्थतन्त्र भन्नेवित्तिकै ज्वरो आउने गर्छ तर उदार अर्थतन्त्रको त्यही आरम्भ नै नेपालको अर्थतन्त्रलाई आजसम्म क्रियाशील गराउने मूल आधार हो भन्ने बुझेर पनि बुझ पचाउने प्रवृत्ति छ । पञ्चायतको अन्त्यताका मुलुकी अर्थतन्त्र नाजुक अवस्थामा पुगेको थियो । आर्थिक वृद्धिदर तीन/चार प्रतिशतमा सीमित थियो । मुलुकसँग पर्याप्त विदेशी मुद्रा थिएन । देशका ४९ प्रतिशत मानिस गरिबीका रेखामुनि थिए । नेपालीको औसत वार्षिक प्रतिव्यक्ति आय १८५ डलर मात्र थियो ।

केन्द्रीय तथ्याङ्क कार्यालयका अनुसार अहिले नेपालीको प्रतिव्यक्ति आय एक हजार ४५६ पुगेको छ । गरिबीको रेखामुनि रहेका जनताको प्रतिशत पनि घटेर १८ प्रतिशतमा सीमित भएको छ । यो उपलब्धि नराम्रो होइन तर विगतका सरकारले अझै राम्रो गर्न सकेका भए उपलब्धि योभन्दा धेरै माथि हुने थियो । कतिपयमा असन्तुष्टि अहिले पनि हुन सक्छ, स्वाभाविक हो असन्तुष्टिले थप प्रगति दिन सक्छ । असन्तुष्टि लोकतान्त्रिक पद्धतिभन्दा बाहिर खोज्नु बेमौसमी बाँसुरी मात्र हुने छ । यो तीन दशकमा नेपालले हासिल गरेको उपलब्धि पर्याप्त होइन तर नेपालले अवलम्बन गरेको तीन दशकअघिको उदार आर्थिक नीतिले लाइसेन्सराज तोडियो । सबै नागरिक व्यापार व्यवसाय गर्न अग्रसर हुन सक्ने वैधानिक आधार बन्यो । सुशासनमा कतिपय कमजोरी भए । सत्ता र नेतृत्वजन्य प्रवृत्ति खोटी भए । अस्थिरताले अन्योल ल्यायो । त्यसैले यो तीन दशकमा पुग्नुपर्ने गन्तव्यमा पुग्न सकिएन ।

लोकतान्त्रिक प्रणाली नागरिकलाई अर्थतन्त्रका आयाममा सहभागी गराउन सक्ने नीति र पद्धतिमा निहित हुन्छ । विश्वमा यस्ता अनेक उदाहरण छन् । छिमेकी भारतमा लोकतान्त्रिक पद्धति भए पनि सन् १९९० सम्म नियन्त्रित अर्थतन्त्रले आर्थिक वृद्धिलाई प्रतिकूल प्रभाव पारेको थियो । महात्मा गान्धीको स्वराजसँग आबद्ध आर्थिक मोडल उपनिवेशकालमा त्यसविरुद्धको तिखो राजनीतिक हतिहार त भयो तर स्वतन्त्रतापछि समयानुकूल अर्थतन्त्र सबल बनाउन सम्भव भएन । जवाहरलाल नेहरूको राज्य नियन्त्रित अर्थतन्त्र तथा इन्दिरा गान्धीको बैङ्कसमेत राज्यकरण गर्ने नीति पनि अर्थतन्त्र बलियो बनाउन काम लागेन । टाट उल्टने डिलमा पुगेको अर्थतन्त्रलाई अर्थमन्त्रीका रूपमा डा. मनमोहन सिंहले खुला र उदार नीति अवलम्बन गर्दा भारत तीव्र आर्थिक वृद्धिको दिशामा अग्रसर हुन सक्यो । यो साढे तीन दशकमा भारत विश्वको १८ औं अर्थतन्त्रबाट पाँचौंमा आइपुगेको छ । नेपालले उदार अर्थतन्त्र अवलम्बन गरेको पहिलो तीन वर्ष २०४८/५१ औसत सात/आठ प्रतिशतको आर्थिक वृद्धि हासिल गरेको थियो । २०५१ सालपछिको राजनीतिक अस्थिरता र नीतिगत अन्योलले उदार नीतिको थप संस्करण अगाडि बढ्न सकेन । वर्तमान सरकार नयाँ चरणको आर्थिक सुधारका निम्ति कानुनी तर्जुमा गर्न केही अघि ल्याएका अध्यादेश अहिले सदनमा विचाराधीन छन् । यसले उदार अर्थतन्त्रका आयामतर्फ आस बढाएको छ ।

प्रजातान्त्रिक प्रणालीमा अप्रजातान्त्रिक आर्थिक नीति तथा त्यसका अवयव घातकसमेत हुन्छन् । कुशासन र भ्रष्टाचारले पनि लोकतान्त्रिक प्रणालीमा क्यान्सरको काम गर्छ । उदार अर्थतन्त्रमार्फत व्यापक आर्थिक गतिविधि बढाउँदै त्यसबाट प्राप्त राजस्व नै राज्य सञ्चालनको मूल स्रोत हुने हुँदा यसमा पारदर्शिता सबैभन्दा महत्वपूर्ण पक्ष हो । संसारभरका सरकार अहिले ठुलो चुनौतीमा छन् । सूचना प्रविधि र सामाजिक सञ्जालले व्यापक चेतना विस्तार भएका छ । यसले सरकार, त्यसका सञ्चालक, प्रशासनिक संयन्त्र सबै हाम्रै करमा आश्रित छन् भन्ने जानकारी आमनागरिक तहमा पुगेको छ । त्यसमा विभ्रम र सतही अप्रशोधित सूचनाको बाढीसमेत छ । कुशासन, भ्रष्टाचार, ढिलासुस्ती र अपारदर्शी कार्यशैली आदिले नागरिक असन्तुष्टिको रापताप संसारभर बढ्दो छ । यसले दक्षिणपन्थी र प्रियतावादी नेतृत्वको उदयलाई बढोत्तरी दिएको छ । यो चुनौती सामना गर्न उदार अर्थतन्त्रका आयामलाई झनै फराकिलो र पारदर्शी पार्नुको विकल्प छैन । देशीय हित प्रवर्धन गर्ने उदार अर्थतन्त्रका आयामले मात्र दीर्घकालीन समृद्धिको मार्ग सफा हुँदै जाने छ ।

नेपालको सन्दर्भमा कतिपय विरोधाभाषी र समयानुकूल परिस्कृत हुन नसकेका कानुन, प्रशासनिक र प्रक्रियागत झन्झटले उदार अर्थतन्त्रका आयामलाई कमजोर बनाएको छ । भुक्तभोगीका अनुसार सानो व्यापार व्यवसाय थाल्न तथा निरन्तरता दिन प्रक्रियागत झन्झटका पहाडै बोक्नु पर्ने हुन्छ । संघीय संरचनाको वर्तमान प्रणालीमा कुनै कानुन बनाउन कति समय लाग्ने हो ? संघीयतालाई सही रूपमा कार्यान्वयन गराउन निजामती कानुन बर्सौंअघि बन्नुपर्ने थियो । बर्सौंको कार्यकारी तथा विधायिकी प्रयासमा पनि अझै निजामती ऐन बन्न सकेको छैन । एक पटक बनेको कानुन नै सधैंका निम्ति गीता होइन । समय अनुसार परिवर्तन हुन सक्छ । कार्यान्वयनका क्रममा अवरोध आउँदा संशोधन गर्दै जाने हो । मूल कानुन संविधान पनि आवश्यक प्रक्रिया अनुसार संशोधन हुँदै जान्छ । अहिले कानुन बनाउन लाग्ने समय, लागत र प्रक्रियागत लम्बेतानमा समेत निर्मम समीक्षा वाञ्छनीय छ । संघ मात्र होइन, प्रदेश र स्थानीय सरकार सबैले समय, लागत, प्रक्रियामा शीघ्रता ल्याउनैपर्ने छ । न्यून लागतमा बढी उपलब्धि हासिल गर्न सक्ने उदार पद्धति अवलम्बन गर्न सकिएन भने परिवर्तित सन्दर्भमा जनअसन्तुष्टि सम्बोधन गर्न कठिन हुने छ ।

नागरिकलाई उदार आर्थिक प्रक्रियामा सहभागी हुन सक्ने गरी नीतिगत, कानुनी र संरचनागत पद्धतिमा आबद्ध गर्न सक्नुपर्ने हुन्छ । राज्य आफैँले व्यापक रोजगारी दिन सम्भव छैन तर रोजगारी र स्वरोजगारी सिर्जना गर्न सक्ने गरी नीति, विधि र वातावरण बनाउने सरकारले नै हो । उदार र प्रतिस्पर्धी वातावरण निर्माण गरिनु पर्छ । त्यस निम्ति सार्वजनिक वस्तु र सेवामा सबै नागरिकको सहज पहुँचलाई सुनिश्चित गरिनु आवश्यक हुन्छ । बढी लाभ र मुनाफा लिने व्यक्ति वा संस्थासित प्रगतिशील कर उठाइ न्यून आय र सीमान्तकृतमा लगानी गर्दै आयको पहुँचमा पुऱ्याउन उदार नीतिका आयाम फराकिलो हुनु पर्छ । समाजवादको मिठो नाराले मात्र पेट भरिन्न । समाजको तल्लो वर्गलाई आयमा पहुँच पुग्ने गरी नीति र योजना बनेर कार्यान्वयनमा जान सकेन भने असन्तुष्टिको बादल विस्तार हुन जान्छ । त्यसका निम्ति नीतिगत स्थायित्व आवश्यक हुन्छ । नेपालमा विगत तीन दशकमा सरकार परिवर्तनसँगै नीतिगत अस्थिरताले उदार अर्थतन्त्रका आयामलाई कमजोर बनाएको देख्न सकिन्छ । नीति र विधि कथित टाठाबाठाका निम्ति मात्र हुनु हुँदैन ।

देशको आर्थिक तथा व्यावसायिक वातावरणप्रति निजी क्षेत्रको असन्तुष्टिलाई लामो समयदेखि सही ढङ्गले विश्लेषण हुन सकेको थिएन । नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी एमालेको वर्तमान सरकारले केही अध्यादेशमार्फत कानुनी सुधारको बाटो लियो । त्यसका निम्ति आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि, सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसँग सम्बन्धित कानुन अध्यादेशका रूपमा आए । ती कानुन संविधानको प्रावधान अनुसार अहिले विधायिकी प्रक्रियामा छन् । २०४८ सालमा पहिलो चरणमा गरिएको उदार अर्थतन्त्रका आयामलाई नयाँ संस्करणमा रूपान्तरण गर्न यो कानुनी सुधार उपयोगी हुन सक्ने विश्वास छ । निजी क्षेत्रसमेत उत्साहित भएको यो कानुनी सुधार अब कार्यान्वयनमा के कसरी जान्छ ? त्यो अहिल्यै भन्न सकिन्न ।

विकासनिर्माणका निम्ति भूमि प्राप्तिमा समस्या छ । वन तथा संरक्षण क्षेत्रमा विकास पूर्वाधार विस्तार गर्न अनेक अड्चन छन् । यसले जलविद्युत् आयोजना, सडक, केबुलकार जस्ता पूर्वाधारमा ठुलो अवरोध खडा गरेको छ । व्यवसाय विस्तार तथा औद्योगीकरणमा समस्याका कारण लगानी विस्तार हुन नसक्दा बेरोजगारी बढ्यो । उदार अर्थतन्त्रका कानुनी, संस्थागत र संरचनागत व्यवस्था पनि कार्यान्वयनका क्रममा शिथिल हुने प्रवृत्ति देखियो । त्यस्तो प्रवृत्तिमा पनि सुधार आवश्यक छ । प्रशासनिक र प्रक्रियागत झन्झटले उद्यमशीलता विकास हुन नसकेको भोगाइ नमिठो हुन्छ । यस्ता अनेक कारणले लाखौंलाख नेपालीलाई बिदेसिन बाध्य पार्ने अवस्था आयो । वर्तमान कानुनी सुधारको दिशा ती सबै अवरोध छिचोल्दै उदार अर्थतन्त्रका आयामलाई फराकिलो पार्ने दिशामा देख्न सकिन्छ ।

उदार अर्थतन्त्रका फराकिला आयाम विस्तार हुन सकेनन् भने त्यसले नागरिक तहमा थप असन्तुष्टि पैदा गर्छ । अबको शासन व्यवस्था कम खर्चिलो बनाउनै पर्छ । बडेमानका संस्थागत बोझ, व्यापक लागतका सार्वजनिक संरचना, प्रतिफलविहीन तडकभडक अबको सूचना प्रविधिका युगमा समयसापेक्ष हुन सक्दैनन् । संविधान संशोधनका क्रममा संघीयताका संरचनालाई प्रियतावादबाट माथि उठाएर भूअर्थराजनीतिक यथार्थको धरातलमा निर्मम समीक्षा गरिनुपर्ने छ । राज्यका तमाम संरचना जनताको करमा अडेका हुन्छन् । त्यो करको बोझको बोध नागरिकमा हुनुहुँदैन । नागरिकलाई मेरो बोझका निम्ति होइन, मेरो र समाजको आवश्यकताका निम्ति राज्य संरचना हुन भन्ने बोध हुन सक्नुपर्ने छ ।

# असफल प्रयोगको पुनरावृत्ति असम्भव



• श्रीमन नारायण

जननिर्वाचित संविधान सभाको दुई तिहाइभन्दा बढी सदस्यको समर्थनबाट देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागु भएको हो । यसका निम्ति हजारौं नेपालीले आफ्नो ज्यानको आहुति दिएका छन् । हजारौं नेपालीको त्याग, समर्पण एवं निरन्तरको प्रयासबाट देशमा आएको विश्वकै सर्वोत्तम शासन प्रणालीको विपरीत दिशामा लाग्ने सपना देख्नु अथवा कल्पनासमेत गर्नु प्रतिगमन हो । अहिलेसम्म विश्वमा प्रयोगमा आएका शासन व्यवस्थामध्ये संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै सबैभन्दा राम्रो, जनउपयोगी र सफल मानिएको छ । देशमा दुई सातादेखि संवैधानिक राजतन्त्रसहित विभिन्नथरीका विषय चर्चामा आएका छन् तर नेपाली जनता आफ्नो हातमा आएको अधिकारलाई गुम्न दिने गल्ती कदापि गर्ने छैनन् ।

२०६५ साल जेठ १५ गते पहिलो संविधान सभाको प्रथम बैठकले नै नेपाललाई विधिवत् रूपमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । त्यसै दिन नेपालमा २४० वर्ष पुरानो राजतन्त्रको बिदाइ भयो र देशमा गणतन्त्रको स्थापना गरियो । विगत १६ वर्षमा जनताका तर्फबाट डा. रामवरण यादव, श्रीमती विद्यादेवी भण्डारी र वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रप्रमुखको गरिमामय पदमा आसीन हुनुभएको छ । यस्तोमा घडीको सियोलाई उल्टो दिशामा फर्काउने प्रयास अथवा चाहनालाई धृष्टता नै भन्न सकिन्छ ।

नेपालमा राजनीतिक दलहरू तथा राजपरिवारबिचको द्वन्द्वको इतिहास करिब साढे छ दशक पुरानो हो । विसं २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले जननिर्वाचित नेपाली कांग्रेसको सरकारलाई अपदस्थ गरी शासन सत्ता आफ्नो हातमा लिएदेखि नै राजसंस्था र दलहरूबिच अधिकारको लडाइँ चल्दै आएको हो । महेन्द्रले शासन सत्ता आफ्नो हातमा लिँदा तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालासहित उहाँको मन्त्रीमण्डलका अधिकांश सदस्य सांसदलाई हिरासतमा लिइएको थियो । देशका लोकतन्त्रवादीहरू या त हिरासतमा राखिए अथवा निर्वासनमा भारत जान बाध्य पारिए । पञ्चायतको तीन दशकमा राजाबाट मन परेका व्यक्तिलाई प्रधानमन्त्री तथा मन्त्री बनाउने काम भइरह्यो । हुकुम प्रमाङ्गीको आधारमा आफ्नो बफादार मान्छेहरूलाई बिना शैक्षिक योग्यता पनि महत्वपूर्ण पदमा जथाभाबी नियुक्ति दिन थालियो । राजनीतिक दलमाथि प्रतिबन्ध लगाइयो र राजा तथा व्यवस्थाको विरोध गर्नेलाई कठोर जेल यातनादेखि फाँसीको सजायसम्म दिइयो ।
विसं २०४६ को अन्त्यतिर देशका राजनीतिक दलहरूले देशमा निर्दलीय पञ्चायती व्यवस्थाको समाप्ति र बहुदलीय लोकतन्त्रको पुनर्स्थापनाका लागि गरेका निर्णायक आन्दोलनको सफलतापश्चात् देशमा नयाँ राजनीतिक युगको थालनी भयो । राजनीतिक दलहरूले पञ्चायती व्यवस्थाको ३० वर्षमा राजसंस्थाको निर्देशनमा लोकतन्त्रवादीहरू माथि भएको दमन र उत्पीडनको समेत वास्ता नगरी नेपालको संविधान २०४७ मा राजा वीरेन्द्र शाहलाई राष्ट्रप्रमुखको गरिमामय पदमा राखे । संवैधानिक राजाको हैसियतमा उहाँको भूमिका पनि प्रशंसनीय नै थियो । 'राजाले गल्ती गर्न सक्दैन' भन्ने पश्चिमा अवधारणालाई उहाँले नेपालमा पनि प्रमाणित गरेर देखाउनुभएको थियो ।

२०५८ जेठ १९ गते राजा वीरेन्द्रको वंशनाश भएसँगै नेपाली जनतामा राजसंस्थाप्रति अनास्था उत्पन्न हुन थालेको थियो । विसं २०५९ को असोजमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधि सभालाई विघटन गरी निर्वाचनको मिति तोक्न तत्कालीन राजा ज्ञानेन्द्र शाहसामु सिफारिस गर्दा राजाले आफ्नो संवैधानिक मर्यादा र अधिकारको सीमाभन्दा बाहिर गएर आफूलाई कार्यकारी राष्ट्रप्रमुखको भूमिकामा रूपान्तरित गरे । आफ्नो इच्छा अनुसार प्रधानमन्त्री र मन्त्रीहरूको नियुक्ति गर्न थाल्नुभयो । विसं २०६१ को माघमा त राष्ट्रप्रमुख र सरकारप्रमुखको दोहोरो भूमिका पनि उहाँले नै निर्वाह गर्न थाल्नुभयो । दुई जना वयोवृद्ध पञ्चायती नेता डा. तुलसी गिरी र कीर्तिनिधि विष्टको टेकोमा सरकार चलाउने उहाँको कदमलाई न त देशभित्रबाट न त मित्रराष्ट्रबाट नै समर्थन प्राप्त भयो । देशका लोकतन्त्रवादी दलहरू राजाको यस कदमविरुद्ध निर्णायक सङ्घर्ष गर्न बाध्य भए । विसं २०६२ मङ्सिरमा आन्दोलनकारी सात दल र सशस्त्र सङ्घर्षमा लागेका माओवादीबिच सहमति भए पश्चात देशमा निर्णायक आन्दोलनको शङ्खनाद भयो र राजा ज्ञानेन्द्रले शासन सत्ता छोड्नु पऱ्यो । राजा ज्ञानेन्द्रमा देखिएको सत्ताप्रतिको उच्च आशक्ति र महत्वाकांक्षाका कारण देशका राजनीतिक दलहरू राजतन्त्रको अवशेषलाई नै समाप्त गर्ने निष्कर्षमा पुगे । प्रत्येक वर्ष प्रजातन्त्र दिवसको अवसरमा ज्ञानेन्द्रको सन्देश आउने गर्छ । यस वर्षको सन्देशमा आफू फेरि पनि सक्रिय राजनीतिमा आउन चाहेको भन्दै जनताबाट सहयोग र समर्थनका लागि आह्वान गर्नुहुन्छ तर नेपाली जनताको यसमा कुनै चासो छैन । देशमा लोकतान्त्रिक शासन भएका कारण सबैलाई आफ्नो राजनीतिक अभ्यास गर्ने छुट छ । संघीयता, लोकतन्त्र एवं गणतन्त्रलाई वर्तमान संविधानको अपरिवर्तनीय अङ्ग मानिएको छ । लोकतान्त्रिक शासनमा साढे तीन दशक बिताएका नेपाली जनता, अब आफूलाई पञ्चायतकालीन प्रजाको अवस्थामा फर्काउन तयार हुने छैनन् । राजा, सम्राट, सुल्तान र शाहका दिन अब गए । केही इस्लामिक राष्ट्रमा यदि यस्ता शासक छन् भने पनि त्यहाँका जनतालाई आफ्नो शासकप्रति अविश्वास छैन । सत्ताको भोक र महत्वाकांक्षाको अन्त्य हुँदैन । कसैको पनि चरित्र र स्वाभाविक प्रवृतिमा परिवर्तन आउँदैन । दरबारले जनताका आधारभूत अधिकार खोस्ने, निरङ्कुशता लाद्ने जबकि राजनीतिक दलहरूले आन्दोलन र सङ्घर्ष गरिरहने अवस्था अब देशमा आउने छैन । 'कन्स्टिच्युसनल,' ' कल्चरल' वा 'बेवीकिङ्ग' लगायतका कुनै पनि प्रारूप देशका राजनीतिक दलहरूलाई मन परेको छैन, पर्ने पनि छैन । ज्ञानेन्द्र राजधानी काठमाडौं बाहिर देश भ्रमणमा जाँदा, मित्रराष्ट्र भारतको धार्मिक भ्रमणमा जाँदा नेपालमा राजतन्त्र त फर्किने होइन ? भन्ने चर्चा सुनियोजित रूपमा चलाइन्छ तर यसको कुनै अर्थ हुँदैन । नेपालमा लोकतन्त्र छ । नेपाली जनतालाई मन परेको राजनीतिक दल र नेतामाथि विश्वास गर्ने अधिकार देशको संविधानले नै दिएको छ, तसर्थ ज्ञानेन्द्रको पक्षमा पनि जनता देखिनु आश्चर्यको विषय होइन । सडकमा देखिने भिड लोकतन्त्रको विरुद्धमा जाने कल्पना पनि गर्न सकिँदैन । राजतन्त्र समर्थक राजनीतिक दलहरूले चुनावमा प्राप्त गरेका

❖ बाँकी तेस्रो पृष्ठमा

# तरकारीको झोलाभित्र ब्राउन सुगर ल्याउने दुई युवक पक्राउ




झापा(प्रस) । तरकारीको झोलाभित्र लागूऔषध ब्राउन सुगर ल्याउने दुई युवक मेची पुलमा पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा इलामको माई नगरपालिका-५ का अन्दाजी ३३ वर्षीय भूपेन्द्र लावती र बिर्तामोड नगरपालिका-५ का अन्दाजी २३ वर्षीय राजीव चौधरी रहेका छन्। सोमबार साँझ पौने ७ बजे मे ६ प ९९७७ नम्बरको मोटरसाइकल सवार उनीहरू भारतबाट नेपालतर्फ आइरहेको अवस्थामा वडा प्रहरी कार्यालय भद्रपुर र लागूऔषध नियन्त्रण ब्यूरो काँकडभिट्टाबाट खटिएको संयुक्त टोलीले भद्रपुर नगरपालिका ५ स्थित मेची पुलमा रोकेर चेकजाँच गरेका थिए।

मोटरसाइकलको पछाडि सवार चौधरीले बोकेको तरकारी झोलाभित्र प्लास्टिकले पोका पारेर लुकाइछिपाई ल्याएको ९ ग्राम १९ मिलिग्राम ब्राउन सुगर फेला परेको थियो।

ब्राउन सुगरसहित पक्राउ परेका उनीहरूलाई आवश्यक कारबाही लागि जिल्ला प्रहरी कार्यालय झापा पठाउने जनाइएको छ।

# एसइईमा विद्यार्थीलाई चिट चोराउने तीन शिक्षक पक्राउ

झापा(प्रस) । सुनसरीमा एसइई परीक्षामा विद्यार्थीलाई चिट चोराउने तीन शिक्षक पक्राउ परेका छन् । आइतबार सुनसरी इनरुवा नगरपालिका- १ स्थित भगवती माविको परीक्षा केन्द्रमा प्रमुख जिल्ला



अधिकारी, प्रहरी प्रमुखहरू लगायतको अनुगमन टोलीले एसइई परीक्षाको अनुगमन गर्ने क्रममा गार्डको रुपमा खटिएका शिक्षकहरूले मोबाइल फोन प्रयोग गरी व्हाट्सएप मार्फत विद्यार्थीहरूलाई चिट चोराई रहेको अवस्थामा फेला पारेका थिए ।

अनुगमन टोलीले शिक्षकहरू इनरुवा-४ का ३६ वर्षीय मुकेन्द्र यादव (कोशी मावि)। सोही ठाउँका ४८ वर्षीय दिनेश प्रसाद यादव (बिपी आधारभूत) र इनरुवा-२ का ५४ वर्षीय रमानन्द यादव (भगवती मावि) नियन्त्रणमा लिएका थिए । उनीहरूलाई प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान अघि बढाइएको छ ।

# विद्यार्थीले लगाए डीन कार्यालयमा ताला



झापा,चैत ११ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय डीन कार्यालयमा विद्यार्थीहरूले तालाबन्दी गरेका छन् ।

त्रिवि केन्द्रीय क्याम्पस शिक्षाशास्त्र केन्द्रीय विभागको तेस्रो सेमेस्टरको नतिजा प्रकाशन हुँदा ६८ प्रतिशत विद्यार्थी फेल भएपछि विद्यार्थीहरूले सोमबार तालाबन्दी गरेका हुन् ।

सेमेस्टर प्रणालीमा यति धेरै विद्यार्थी फेल हुनुलाई अत्यन्तै नराम्रो मानिन्छ । तेस्रो सेमेस्टर मेजरमेन्ट एण्ड इभ्यालुसन इन एजुकेसन पेपरको न्युमिरिकल प्रश्न नै गलत सोधेको विद्यार्थीहरूको आरोप छ । उक्त गलत प्रश्नका कारण परीक्षाको नतिजा सन्तोषजनक नआएको उनीहरूको भनाइ छ । गलत प्रश्न निर्माण गर्नेलाई कारबाही र विद्यार्थीहरूको नतिजा पुनर्योग गर्दा रिचेक व्यवस्था नहुन्जेलसम्म तालाबन्दी जारी रहने उनीहरूले विज्ञप्तिमार्फत जनाएका छन् । विद्यार्थीहरूले निःशुल्क रूपमा रिटोटलिङको व्यवस्था गर्न समेत माग गरेका छन् । हाल रिटोटलिङको लागि प्रति विषय ५०० रुपैयाँ शुल्क लाग्ने गरेको छ ।

## कुलमानलाई ...

कुलमानले भने आफूलाई यसअघि सोधिएको स्पष्टीकरण के कति कारण चित्तबुझ्दो भएन ? भन्दै उल्टै सरकारलाई प्रश्न गरेका थिए । स्पष्टीकरणमा आधार र कारण नखुलेकाले थप पुस्ट्याइँ पेस गर्ने अवस्था नरहेको उनको भनाइ थियो

पुष्पकमल दाहाल नेतृत्वको सरकारले दोस्रो पटक कुलमानलाई २०७८ साल साउन २६ गते प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो । सरकारले तत्कालीन कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई भने जल तथा ऊर्जा आयोगमा विशिष्ट श्रेणीको सुविधासहित सरुवा गरेको थियो ।

२०७३ भदौ २९ को पुष्पकमल दाहाल नेतृत्वको मन्त्रिपरिषद् निर्णयबाट पहिलोपल्ट प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त कुलमानलाई लोडसेडिङ अन्त्य गरेको र वर्षौंदेखि घाटामा गएको संस्थालाई नाफामा लगेको श्रेय जान्छ ।

दैनिक १८ घण्टासम्म लोडसेडिङ भइरहेको अवस्थामा कार्यकारी निर्देशकमा नियुक्त भएका घिसिङले आफ्नो कार्यकालको पहिलो वर्षमै उपत्यकामा लोडसेडिङ अन्त्यको व्यवस्थापन गरेका थिए । २०७५ वैशाखदेखि देश लोडसेडिङमुक्त भएको घोषणा गरिएको थियो ।

नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाउने निर्णयमा कांग्रेसका मन्त्रीहरू नै विभाजित भएका छन् ।गृहमन्त्री रमेश लेखकले कुनै पनि हालतमा घिसिङलाई हटाउन नहुने बताएका थिए भने ऊर्जामन्त्री दीपक खड्काको हटाउनैपर्ने जिद्दीमा परराष्ट्रमन्त्री आरजु राणा देउवाले साथ दिएकी थिइन् । कांग्रेसका बाँकी मन्त्रीहरू भने मौन रहेका थिए ।

एक मन्त्रीले दिएको जानकारीअनुसार मन्त्रिपरिषद्को बैठकमा ऊर्जामन्त्री खड्काले घिसिङलाई पदबाट हटाउनैपर्ने भनी जिद्दी गरेका थिए । त्यसपछि प्रधानमन्त्री केपी शर्मा ओलीले गृहमन्त्री रमेश लेखकलाई के गर्ने ? भनेर सोधेका थिए । लेखकले बैठकमा भनेका थिए, 'यो ठीक हुँदैन, कुलमानलाई हटाउने कुरा ठीक हुँदैन । बाहिरको स्थिति ठीक छैन, भल्नरेबल अवस्था छ यस्तो बेलामा यो निर्णय गर्ने कुरा ठीक होइन ।' त्यसपछि पनि मन्त्री खड्काले घिसिङलाई हटाउनैपर्ने जिद्दी प्रधानमन्त्री समक्ष राखेका थिए । त्यतिबेला परराष्ट्रमन्त्री राणाले पनि साथ दिएकी थिइन् । लेखकले मन्त्रीको जिद्दीका आधारमा निर्णय गर्ने भए गर्नु तर निर्णय सही नहुने भनेर आफ्ना धारणा राखेको एक मन्त्रीको उल्लेख गरे । त्यसपछि लेखकले भनेका थिए, 'कुलमान घिसिङ अदालतबाट पुनःस्थापित भएर आउँछन् । सरकारलाई इम्ब्यारेसिङ हुन्छ, यो निर्णय उचित हुन्छ भन्ने मलाई लाग्दैन ।'

लेखकको भनाइमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले थोरै कुरा राखेर साथ दिएको ती मन्त्रीको भनाइ छ । एमालेबाटै शिक्षामन्त्री रहेकी विद्या भट्टराईले पनि घिसिङलाई हटाउन नहुने संकेत गरेको तर एमालेका बाँकी मन्त्रीहरूले भने हटाउनुपर्ने धारणा राखेको ती मन्त्रीको भनाइ छ । 'कांग्रेसका बाँकी मन्त्री बोल्नुभएन । एमालेका अर्थ र शिक्षामन्त्रीले लेखकको भनाइमा समर्थन गरेजस्तो गर्नुभयो, ऊर्जामन्त्री खड्काले जिद्दी गर्नुभयो र परराष्ट्रमन्त्रीले त्यसमा साथ दिनुभयो,' ती मन्त्रीले भने ।

यसैबीच प्रमुख प्रतिपक्ष दल माओवादी अध्यक्ष पुष्पकमल दाहालले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाउने सरकारको निर्णय आपत्तिजनक भएको बताएका छन् । पूर्वप्रधानमन्त्रीसमेत रहेका दाहालले सोमबार साँझ सामाजिक सञ्जालबाट सरकारको उक्त कदमको कडा आलोचना गरेका हुन् । लोडसेडिङले मुलुक आक्रान्त भइरहेका बेला ऊर्जा विज्ञका रूपमा कुलमान आफू नेतृत्वको सरकारले पहिलो पटक प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको पनि दाहालको भनाइ छ ।

'देशमा जनताले चरम लोडसेडिङको मार खेपिरहेका बेला एउटा ऊर्जा विज्ञका रूपमा मेरो नेतृत्वको सरकारले कुलमान घिसिङलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको हो। उनको विज्ञता र क्षमता अनि हाम्रो नेतृत्वको संयुक्त प्रयासबाट उज्यालो नेपाल निर्माण गर्न सफल भएको जन-जनमा जानकारी छ,' उनले लेखेका छन् ।

# देशभर एक महिनामा अपराधका ४ हजार मुद्दा दर्ता

झापा,चैत्र ११ । फागुनमा देशभर चार हजार चार सय ६८ आपराधिक घटनाका मुद्दा दर्ता भएका छन् । फागुनमा दर्ता भएका अपराधिक घटनाका मुद्दामध्ये सबैभन्दा



बढी बैंकिङ कसुरका एक हजार एक सय २७ (२५.२२ प्रतिशत) रहेका छन् ।

काठमाडौं उपत्यकामा अपराधका घटना बढी घट्नुका साथै सबैभन्दा बढी बैंकिङ कसुरका मुद्दा दर्ता भएका नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए ।

उनका अनुसार बैंकिङ कसुरमा पनि चेक बाउन्सका मुद्दा धेरै छन् । पछिल्लो समयमा प्रविधिको विकाससँगै सामाजिक सञ्जालको दुरुपयोगबाट हुने अपराधका घटना बढ्दै गएको उनले बताए ।

बैंकिङ कसुरमा एक हजार एक सय २७ मुद्दा दर्ता भएका छन् । त्यसैगरी सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धका पाँच सय २१ अपराधका मुद्दा दर्ता भएका छन् । आत्महत्यासम्बन्धी अपराधका पाँच सय एक, लागुऔषधसम्बन्धी चार सय १९, चोरीका दुई सय ८६, जबर्जस्ती करणीका एक सय ६८, ठगीसम्बन्धी एक सय ६२, सवारी ज्यान मुद्दा एक सय ५४, ज्यान मार्ने उद्योगमा ७१ तथा कर्तव्य ज्यानसम्बन्धी ४२ मुद्दा प्रहरीमा दर्ता भएका छन् ।

काठमाडौं उपत्यकामा एक हजार तीन सय ३७ मुद्दा दर्ता भएका प्रवक्ता आचार्यले बताए । मधेस प्रदेशमा सात सय १५, कोशी प्रदेशमा ६ सय ६५, लुम्बिनी प्रदेशमा ६ सय १२, बागमतीमा तीन सय ७६, सुदुरपश्चिममा दुई सय ७९, गण्डकी प्रदेशमा तीन सय २३ तथा कर्णाली प्रदेशमा एक सय ६१ आपराधिक घटनाका मुद्दा प्रहरीमा दर्ता भएका प्रहरीले जनाएको छ ।

# क्षयरोगका ४० प्रतिशत बिरामी उपचारको दायरा बाहिर



झापा,चैत ११ । लगानीको प्रतिबद्धता र सेवा प्रवाहको सुनिश्चितता, आजको आवश्यकता' भन्ने नाराका साथ आज विश्व क्षयरोग दिवस मनाइँदै छ । नेपालमा भएका क्षयरोगका बिरामीमध्ये ४० प्रतिशत बिरामी उपचारको दायरा बाहिर रहेको राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको अनुमान छ । केन्द्रका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा ४० हजार ७७६ जना क्षयरोगका बिरामी उपचाररत छन् । नेपालमा वार्षिक ६८ हजार क्षयरोगका बिरामी हुने गरेको केन्द्रको तथ्याङ्क छ । उपचारको दायरामा नआउने र लुकेर बस्ने बिरामीको खोजी गर्न केन्द्रले विभिन्न कार्यक्रम सञ्चालन गरेको केन्द्रकी सूचना अधिकारी तथा नर्सिङ अधिकृत थुमा पुनले बताइन् । यसमध्ये क्षयरोगी बिरामीमा पुरुषको संख्या ६१ प्रतिशत तथा महिलाको संख्या ३९ प्रतिशत छ ।

क्षयरोगका लागि १ अर्ब १५ करोड २० लाख बजेट छुट्ट्याए पनि हाल केन्द्रसँग करिब ९० करोडमात्रै छ । यस्तै, क्षयरोग उपचारमादेशभरका बिरामीको समान पहुँच नहुनु, क्षयरोग उपचार र व्यवस्थापनमा निजी क्षेत्रको अर्थपूर्ण सहभागिता नहुनु लगायत चुनौती रहेको पुनले बताइन् ।

स्वास्थ्य क्षेत्रभित्र र बाहिर रणनीतिक साझेदारहरूबिच सीमित संलग्नता लगायत चुनौती पाइएको छ । नेपालमा क्षयरोगको उपचार निःशुल्क गरिए पनि स्वास्थ्य संस्थासम्म पुग्नका लागि यातायात खर्च आवश्यक पर्ने भएकाले कतिपयले औषधि उपचारमा लापरबाही गरेको विज्ञ बताउँछन् । यो सरुवा रोग भएकाले उपचारविना घरमा बस्दा परिवारका अन्य सदस्यलाई सर्ने सम्भावना बढ्ने छाती रोग विशेषज्ञ डा.दीर्घसिंह बम बताउँछन् । 'जहाँ गरिबी छ, त्यहाँ टीबी (क्षयरोग) छ,' उनले भने । गरिब मान्छेलाई खान-लाउनकै सकस हुने भएकाले समयमै रोग पहिचान गर्न नसक्दा यो रोग फैलिने गरेको उनको भनाइ छ ।

## असफल...

मत नै तिनको लोकप्रियताको मापदण्ड हो । केवल सात/आठ प्रतिशतको समर्थनबाट ठुलो राजनीतिक उथलपुथल सम्भव छैन । श्रीलङ्कामा बसोबास गर्दै आएका डा. तुलसी गिरीलाई २० वर्षअघि बोलाएर कार्यकारी राष्ट्रप्रमुखको भूमिका खेल्ने राजाको चाहना असफल भएको सर्वविदितै छ । न्युजिल्यान्डमा बसोबास गर्दै आएका ८६ वर्षीय वयोवृद्ध नवराज सुवेदीलाई बोलाएर पञ्चहरूको काँध चढी सक्रिय भूमिकामा आउने ज्ञानेन्द्रको चाहना पूरा हुने कुनै सम्भावना छैन । लोकतान्त्रिक शासनको साढे तीन दशकमा शिक्षा, स्वास्थ्य, यातायात र पूर्वाधार विकासका क्षेत्रमा धेरै काम भएका छन् । पहाडी जिल्ला सदरमुकाममा पनि मोटर पुग्ने बाटो छ । अहिले देशमा तीन तीन वटा पूर्वपश्चिम राजमार्गहरू सञ्चालनमा छन् । शैक्षिक स्तरमा सुधार आएको छ । डाक्टर, इन्जिनियर धेरै संख्यामा तयार भएका छन् । स्वास्थ्य उपचार सहज र सरल भएको छ । वैदेशिक रोजगारका कारण लाखौं नेपालीको आर्थिक स्तरमा सुधार आएको छ । मिठो खाना, राम्रो लुगा, स्तरीय शिक्षा र स्वास्थ्य उपचार सहज भएको छ । नेपालमा राजतन्त्र इतिहासको कसोटीमा असपल र विवादित प्रमाणित भइसकेको छ । आधारभूत अधिकार हरण र कुशासनको युगमा फर्किन नेपाली जनता कदापि तयार हुने छैनन् । राजतन्त्रको पक्षमा वकालत गर्नेहरूसित न त कुनै प्रस्ट भिजन छ न त आर्थिक र सामाजिक नीतिको प्रस्ट खाका नै । केवल राजालाई पनि ठाउँ दिनुपर्‍यो भन्नेहरू मात्रै छन् । लोकतन्त्रमा निर्वाचनबाट मात्रै यो सम्भव छ, सडकबाट होइन ।

# नेपालमा बाघको संख्या बढ्दै

झापा,चैत ११ । नेपालमा बाघको संख्या बढ्दै जाँदा त्यसको बासस्थान क्षेत्र बढाउनुपर्ने देखिएको छ । निकुञ्ज क्षेत्र, मध्यवर्ती क्षेत्र र अन्य वन क्षेत्र बाघको बासस्थान भए पनि बाघको संख्या बढ्न थालेपछि बासस्थानको समस्या पनि बढेको छ ।

चितवन राष्ट्रिय निकुञ्जले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले बाघका लागि बासस्थान बढाउन आवश्यक रहेको बताए । विगत पाँच वर्षयता बाघको संख्या बढ्दै गएकाले बासस्थान पनि बढाउन आवश्यक रहेको उनले बताए ।

उनले भने, "हिंस्रक बाघलाई खुला चिडियाघर बनाएर उनीहरूको संरक्षण गर्न आवश्यक छ, खुला चिडियाघर बनाएर त्यसलाई आयआर्जनसँग जोड्न सकिन्छ ।" नेपालमा बाघको संख्या सन् २००९ मा एक सय २१ रहेकामा सन् २०१३ मा एक सय ९८ , सन् २०१८ मा दुई सय ५३ रहेको थियो भने सन् २०२२ मा बढेर तीन सय ५५ पुगेको छ । बाघको संख्या बढ्दै गर्दा बासस्थान क्षेत्र ९३ प्रतिशत घटेको आचार्यले बताए । एक सय वर्ष पहिले विश्वमा एक लाखको हाराहारीमा बाघ रहेकामा अहिले यो संख्या घटेर पाँच हजार पुगेको उनले जानकारी दिए । पछिल्ला वर्षहरूमा बाघको संरक्षणमा ध्यान दिइएकाले यसको संख्या बढ्दै गएको हो ।

नेपालको वन क्षेत्रमा पाँच सयको हाराहारीमा बाघ राख्न सकिने आचार्यले बताए । बाघको मुख्य आहार मृग प्रजाति रहेकाले यसलाई समेत संरक्षण गर्न आवश्यक छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

- **मेष**: आज शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।
- **वृष**: बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कामसमेत सम्पादन हुनसक्छ ।
- **मिथुन**: इच्छा र आकांक्षा पूर्ण हुनेछन् । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।
- **कर्कट**: लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुन सक्छ ।
- **सिंह**: आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च
- **कन्या**: महत्त्वपूर्ण कामको जिम्मेवारी आइलाग्नसक्छ । उपहार पाइने सम्भावना
- **तुला**: प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ । ।
- **वृश्चिक**: आज शुभकार्यको चर्चा चल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ ।
- **धनु**: आज स्वादिष्ट खानपिन खान पाइएला । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ
- **मकर**: ठीक समयमा सही निर्णय लिन सकिनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न
- **कुम्भ**: आँटेको र ताकेको कार्य अघि बढ्नेछ ।
- **मिन**: आज धर्म कर्म र सामाजिक कार्यमा मन जानेछ । साहित्यिक क्षेत्रमा रूचि बढ्नेछ ।